**Nepalese Culture**
**Vol. 15 : 141-156, 2022**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v15i1.48582**

# टोखा क्षेत्रमा मानव बसोवासको इतिहास

**श्याममदन के.सी**
एमफिल/पीएच.डी.शोधार्थी
नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, त्रि.वि.
Email: shyammadan626@gmail.com

## लेखसार

*काठमाडौँको प्रमुख केन्द्रका रूपमा रहेको रत्नपार्कबाट उत्तरमा पर्ने शिवपुरी आरक्षण क्षेत्रको डाँडाको काखमा टोखा सहर अवस्थित छ । स्थानीयले प्राचीन सहरको रूपमा लिने गरेको टोखा क्षेत्र पुरानो नेवार वस्ती हो । इतिहास र संस्कृतिको दृष्टिकोणले अध्ययन गर्दा यो सहर मानव बसोबास भएदेखि नै सम्पन्न छ । यस क्षेत्रको इतिहास र संस्कृतिका बारेमा स्पष्ट पार्ने प्रमाणको अभाव देखिन्छ । देवमाला वंशावलीमा मध्यकालमा राजा रत्नमल्ले ३ सय घरहको सहर बनाई प्रजा बसाइएको उल्लेख छ । यसले प्राचीन र मध्यकालमा टोखा प्रख्यात सहरका रूपमा विकसित भइसकेको तथ्यलाई प्राप्त सिलालेखले पृष्टि गरेको छ । यस क्षेत्रको अध्ययन-अनुसन्धानका लागि स्थलगत सर्वेक्षण गर्दा यो शहरको धेरै स्थानमा लिच्छविकालीन अभिलेखलगायत अन्य अवशेष पनि भेटिएका छन् । यसले टोखा क्षेत्रमा प्राचीनकालमा नै वस्ती बसिसकेको अवस्था देखिन्छ । तर वंशावलीमा मध्यकालमा टोखा सहरमा किन वस्ती बसाइयो ? यसको स्पष्ट आधार पाउन सकिएको छैन । अझैसम्म यो सहरमा किराँतकाल वा लिच्छविकालमा नै  मानव बसोबास रहेको थियो वा थिएन भन्ने विषयमा विस्तृत अध्ययन अनुसन्धान भएको छैन । यसै पृष्ठभूमिलाई दृष्टिगत गरी यस क्षेत्रमा लिच्छविकालमा बसोबास थियो वा थिएन ? यो क्षेत्र कति पुरानो हो ? भन्ने उत्तर खोज्ने अभिप्रायले यो अध्ययन गरिएको हो । यस आलेखमा टोखा स्थानमा मानव वस्तीको पहिचानलाई मूल उद्देश्य बनाइएको छ । यो अन्वेषणात्मक प्रकृतिको गुणात्मक र मूलतः ऐतिहासिक अध्ययन भएको हुँदा त्यसका लागि ऐतिहासिक तथा पुरातात्त्विक स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएका छन् । विशेषगरी मानव वस्तीको खोजी गर्न त्यसक्षेत्र र वरिपरि रहेका ढुङगा सिलालेख अवस्थिति वर्णित ठाउँ र संवतको विवरणबाट कतिपय तथ्य सङ्कलन गरिएको छ । यसका अतिरिक्त पूर्वप्रकाशित पुस्तक, लेख-रचनालगायत द्वितीय स्रोतहरूको आधारमा आवश्यक तथ्य सङ्कलन गरिएका छन् । त्यसरी प्राप्त तथ्यांकलाई व्याख्या विश्लेषण गरेर वर्तमान अवस्थामा टोखामा मानव बस्ती रहेको तथ्यलाई यस लेखको माध्यमबाट प्रकाशमा ल्याइएको छ । यस क्षेत्रमा मध्यकालमा राखिएका दर्जनौं अभिलेखको अध्ययन गर्दा प्राचीनकालमा यहाँको वस्ती विकसित भएको तथ्यलाई पुष्टि गरेको छ ।*

**शब्दकुञ्जी :** टोखा, मूर्त, अमूर्त,  सम्पदा, अभिलेख, मूर्ति, वंशावली ।

## विषय परिचय

काठमाण्डौ उपत्यकाभित्र रहेका पुराना वस्तीहरूमा टोखालाई ऐतिहासिक तथा सांस्कृतिक महत्त्वको रूपमा लिइएको छ। यो नेपालको राजधानी काठमाण्डौंको मुख्य केन्द्र मानिएको रत्नपार्कबाट करिब १० कि.मी. उत्तर क्षेत्रमा अवस्थित छ। जुन स्थान प्राचीनकालदेखि नेवार समुदायले भरिएको एक सुन्दर सहरको रूपमा छ। काठमाण्डौको उत्तरी प्रवेशद्वारका रूपमा चिनिएको प्राचीन सहर टोखा तिब्बत जाने व्यापारिक मार्ग र चाकुले प्रसिद्ध छ। यो वस्ती उत्तरबाट दक्षिण भएर बग्ने दुई नदीहरूद्वारा क्रमशः पूर्व र दक्षिणमा विष्णुमती नदी, पश्चिममा सपनतीर्थ र साङ्लो खोलाको बीचमा अवस्थित छ। यस स्थानलाई सांस्कृतिक रूपले स्वप्नतीर्थ नामले चिनिन्छ। यसलाई ऐतिहासिक तथा सांस्कृतिक रूपमा थनेलाछी र कोनेलाछी गरी दुई भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ। थनेलाछी भन्नाले माथिल्लो भागको चण्डेश्वरीलाई जनाउँछ। तल्लो भेगलाई टोखा सरस्वती नामकरण गरिएको छ। नेपाल सरकारको मिति २०७१ सालको निर्णयअनुसार साविका गाउँ विकास समिति गोङ्गबुं, टोखा चण्डेश्वरी, टोखा सरस्वती, धापासी र झोरलाई एकीकृत गरी टोखा नगरपालिका बनाइएको छ। हाल यो क्षेत्र टोखा नगरपालिकाको वडा नं. २ टोखा चण्डेश्वरी र वडा नं. ३ टोखा सरस्वतीमा रहेको छ। यसरी विभाजन गरेको भएता पनि दुवैले टोखा नामलाई समावेश गरी आफनो ऐतिहासिक वस्तीको अस्तित्त्वलाई आजसम्म कायम राखिएका छन्। यसको उत्तरमा टोखा नगरपालिकाको वडा नं १ झोर र नुवाकोट जिल्लाको सिमानासँग जोडिएको छ। पूर्वमा बूढानीलकण्ठ नगरपालिका, दक्षिणमा विष्णुमती खोला र टोखा नगरपालिकाको बडा नं.८ र पश्चिमतर्फ सपनाखोलाले सिमाङ्कन गरिएको छ।

टोखा क्षेत्र बाक्लो नेवारी वस्ती भएकोले त्यहाँ रहेका स-साना टोलहरूको नाम पनि त्यस्तै किसिमका राखिएका छन्। त्यस्ता टोलहरूमा येलाग, थलाग, तपलाछि, थनेलाछि, क्वनेलाछी, गःछे, पखुसी, देमलाछी, पिठेदोल, इकुलाग, बाले, त्वापचा, यतफल, ताहालय आदि नाम गरेका छन्। टोखा विशेष गरी नेवार सम्प्रदायको बाहुल्यता रहेको क्षेत्र भएकाले अन्य जातिको बसोवास अत्यन्त कम छ। तर हाल अन्य जातजातिका मानिसहरूको बसोवास दिन प्रतिदिन बढ्दै गइरहेको छ। त्यस क्षेत्रमा बसोबास गर्ने नेवार जातिमा क्रमशः डङ्गोल, साई, नकर्मी, नापित, श्रेष्ठ, कुस्ले, पाँडे, प्रजापति, कर्माचार्य, जोशी लगायत छन्। ऐतिहासिक तथा सांस्कृतिक रूपले अनेक किसिमका जात्रा पर्वमा सम्पन्न गरिने गरिएको पाइन्छ। टोखाका महत्त्वपूर्ण जात्रामा विष्केटजात्रालाई प्रमुख रूपमा लिने गरेको देखिन्छ। त्यस जात्रामा यसैसँग सम्बन्धित सपनतीर्थ, कोटु गणेश, मसानकाली, सरस्वती तथा चण्डेश्वरीका जात्रामा सिठीनख, हिले जात्रा, तलेजुको खड्ग जात्रा, इन्द्रजात्रा, गठेमूँग चहे् र सँकटामाईको जात्रा परम्परागत रूपमा सञ्चालन गर्दै आएका छन्।

त्यस क्षेत्रमा भौतिक तथा अभौतिक सम्पदाहरू प्रशस्त रहेका छन्। यस्ता सँस्कृतिसंग सम्वन्धित रहेर सम्पन्न गरिने मौलिक पूजा परम्परालगायत धार्मिक सांस्कृतिक नृत्यमा कुमारी पूजा, कुलपूजा, विशेष पूजा, थाःपूजा, चहे्पूजा, पञ्चामृत पूजा, क्षमा पूजा, शुभकार्यको पूजा, पञ्चवलीको पूजा आदि गर्ने गरेको देखिन्छ। त्यहाँ प्रर्दशन गरिने विभिन्न सांस्कृतिक नाँचमा नागःख्याँख, याःप्याख, माकःप्याख, नबदुर्गा र लाखे नाँच रहेका छन्। यो क्षेत्र महत्त्वपूर्ण धार्मिक तीर्थस्थलको रूपमा रहेको कारणले गर्दा अनेक हिन्दु धर्मसँग सम्बन्धित मन्दिर छन्। त्यस क्षेत्रमा रहेका मठ-मन्दिरहरूमा विशेषगरी टोखा चण्डेश्वरी, चण्डिकेश्वर महादेवको मन्दिर,सपनतीर्थ, माथिल्लो गणेश, नारायण मन्दिर, संकटामाई र इन्द्रायणी रहेको छ। टोखामा प्राप्त देवप्रतिमाहरूमा गणेशका मूर्तिहरू, छत्र

विनायक, कार्यविनायक, सूर्य विनायक, भीमसेन, विष्णु, उमामहेश्वर, जोर महाँकाल, भैरव, सरस्वती भगीरथ छन्। भौगोलिक हिसाबले सानो क्षेत्र ओगटेको भए पनि प्राचीनकाललाई सम्झना गराउने डबली, ढुङ्गेधारा, जलद्रोणी तथा विभिन्न पोखरी छन्। यो क्षेत्रमा थुप्रै अभिलेख प्राप्त भएका छन्। प्रकृतिका आधारमा नेपालका अभिलेखलाई राजकीय र व्यक्तिगत गरी दुई मुख्य भागमा वर्गीकरण गरिएको छ । राजाको नाममा तारिफमा लेखिएका प्रशस्ति, राजकीय घोषणा, प्रशासकीय नियम वा तिथिबन्देज वा निगाह, भूमिदान वा अनुदान वा संस्मरण र शासकहरूवीच भए गरिएका सन्धी जस्ता विषय राजकीय अभिलेखभित्र राखिएको पाइन्छ। शासकभन्दा भिन्न व्यक्तिले कुँदाएका अभिलेखलाई यहाँ व्यक्तिगत भनिएको छ। व्यक्तिगत अभिलेखमा मुख्य गरी दान र संस्मरण रहेका छन् (रेग्मी, २०६०, पृ.४५)। यी दुवै किसिमका लिच्छवि र मध्यकालीन अभिलेख प्राप्त भएका छन्। टोखा क्षेत्रमा अभिलेख पाइने ढुङ्गाका सामग्रीमा मूर्ति, शिवलिङ्ग, ढुङ्गेधारा आदिमा पाइएको छ । विशेष गरी मूर्तिको तल्लो भाग वा पादपीठ, शिवलिङ्गको जलहरी, ढुँङ्गेधाराको चारपाटे ढुँङ्गाको दायाँ वा वायाँ पाटामा अभिलेखहरू लेखिएको पाइएका छन । यस्तो महत्त्वपूर्ण सम्पदा रहेको विद्यमान यी पुरानो वस्तीको ऐतिहासिकता के हो ? लिच्छविकालमा यी वस्ती थिए वा थिएन ? भन्ने प्रश्न उत्तर खोजी गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ।

लिच्छविकालीन समयमा राजकीय आम्दानीको मुख्य स्रोत करव्यवस्था रहेको देखिन्छ। जसको पुष्टि थानकोट आदिनारायणमा रहेको वसन्तदेवको संवत ४२८ को अभिलेखमा भाग, भोग र करको उल्लेख गरिएको छ । त्यस बाहेक आम्दानीको स्रोतको रूपमा कृषि, पाशुपाल्य र वाणिज्य आम्दानीको स्रोत भएको पाइन्छ । राज्यले राजस्व उठाउने काममा कुथेर अधिकरणअन्तर्गत गरिएको पाइन्छ (वज्राचार्य २०३०, पृ.९१-१०९) । लिच्छविकालमा राजाका मुख्य सहायक र स्थानीय शासकलाई सामन्त वा महासामन्त भन्ने गरिन्थ्यो । सर्वदण्डनायक, महाप्रतिहार र वलाध्यक्ष मुख्य केन्द्रीय अधिकृतका रूपमा रहेका हुन्थे। त्यस वेलाको ग्रामहरूको प्रशासनमा पाञ्चालीको व्यवस्था रहेको थियो। कुथेर,लिङवल,माप्चोक र शुल्लीसहित अनेकौ महत्त्वका कार्यालय रहेको अभिलेखबाट देखिन्छ। त्यस युगमा तल्लो तहलाई ग्राम त्यो भन्दा अलि विकसित सानो सहर तल र सबभन्दा विकसित सहर गरी तीन तहमा विभाजन गरिएको देखिन्छ (रेग्मी, २०६०.पृ.३५) । लिच्छविकालमा सर्बसाधारण जनताहरूलाई जानकारी दिनका लागि विभिन्न स्थानमा सरकारी महत्त्वपूर्ण सूचनालाई अभिलेख मार्फत सार्बजनिक स्थानमा राख्ने परम्परा वसेको देखिन्छ। त्यस्तै खालको लिच्छविकालिन अभिलेख टोखामा रहेको छ । तर उपत्यका भित्रै पर्ने प्राचीन शहरको रूपमा चिनिने टोखामा गोपाल, महिषपाल,किराँत र लिच्छविको शासनकालमा मानव वस्ती थियो वा थिएन ? भन्ने विषयमा आजसम्म गहन अध्ययन-अनुसन्धानको अभाव देखिन्छ। यो आलेखको मुख्य ध्येय यही उत्तरको खोजी गर्नमा केन्द्रित रहनेछ।

टोखामा रहेको चण्डेश्वरी मन्दिरमा पाइएको नेपाल संवत् ७९३ अभिलेखमा काठमाडौं वा बाहिर रहेका वासुदेव र उनका सन्तानले चण्डेश्वरीथानमा सिंह स्थापना गरेको चर्चा गरिएको छ। नेपाल संवत् ७९५ को नृपेन्द्र मल्लको राज्यकालमा टोखा निवासी विश्वभारोले चण्डेश्वरीमा गहना, पोशाक चढाएको, पञ्चमुखी महादेव, नृत्यनाथको श्री ३ चण्डेश्वरी प्रीतिन मन्दिरसमेत बनाइ दिएको भन्ने विवरण छ। नेपाल संवत् ८०८ को शिलालेखमा चण्डेश्वरी प्रीतिन शिवमान र उनका सन्तान मिलेर स्तम्भ राखेको प्रमाण पाइन्छ। नेपाल संवत् ८३६ को शिलालेखबाट देवीको मूर्ति स्थापना गरेको जनाएको छ। नेपाल संवत् ८२० मा दुवरामजुले चण्डेश्वरीको अघिको मूर्ति बिग्रेकोले नयाँ मूर्ति राखेको व्यहोरा छ । नेपाल संवत् ६२४ सालमा निर्मित

देवस्थलको थप व्यवस्थित गरी निर्माण कार्य सु-सम्पन्न भएको उल्लेख छ। नेपाल संवत् ९१५ मा आँगल टोल (हाल इन्द्रचोक) को दक्षिणघरको कृष्ण नारायण भारो, रामकृष्ण भारो यी दुई जना भलादमीहरूले चण्डेश्वरीको स्थानमा पाटी बनाई दुई रोपनी खेत राखी दिएको र त्यही खेतको आयस्ताले वर्षवन्धन बुसाधन (वार्षिकोत्सव) मनाउनुपर्ने उल्लेख गरिएको छ । नेपाल संवत् ९२७ मा चण्डेश्वरी स्थानमा पाटी बनाई टोखाको दतथु खेत रोपनी २ राखि त्यसको आयस्ताले प्रत्येक वर्ष मेष संक्रान्तिको दिनमा चण्डेश्वरीमा कलजोलन (विशेष पूजामा प्रयोग गरिने पूर्णि सामग्रीको पूजा सेट) र कृष्णाष्टमीको दिन पँचामृत पूजा गरी ब्राह्मण भोजन गराउनु पर्ने उल्लेख छ । टोखा तपलाछि टोलस्थित गणेशको पादपीठमा प्राप्त अभिलेखमा यक्षमल्लको विजय राज्य भनी उल्लेख छ (राजवंशी, २०२३.पृ.१२) । उपत्यकाको राजनैतिक विभाजन पश्चात् यो ठाउँ कान्तिपुर राज्यको अधिनमा रहन गयो । त्यस्तैगरी चण्डेश्वरी मन्दिरको पर्खालमा रहेको नेपाल संवत् ७९४ र तपलाछि टोलको नेपाल संवत् ४८१ को दुवै अभिलेखमा यस ठाउँलाई कान्तिपुरका राजाको विजयराज्य भनी स्पष्ट गरेको छ । टोखा वस्ती उच्च स्थानमा रहिआएको हुँदा मध्यकालमा यसलाई सामरिक दृष्टिकोणबाट ठूलो महत्त्व दिइएको देखिन्छ । गोपालराज वंशावलीमा हरिशचन्द्रदेवका भाइ गोपालदेव टोखा किल्लामा पसेको वर्णन गरिएको छ (वज्राचार्य र मल्ल, पृ.२८-३८) । माथिका विभिन्न समयमा राखिएका शिलालेखले टोखा क्षेत्र प्राचीनकालदेखि नै रहेको हुँदा मध्यकालमा अझ व्यवस्थित र प्रख्यात रहेको तथ्यलाई यी तथ्यहरूले स्पष्ट पारेको छ । यो स्थान यसरी प्रख्यात हुनका लागि धेरै समय लागेको अनुमान सहजै गर्न सकिन्छ । किराँतकाल र लिच्छविकालमा यहाँ मानव बसोबास थियो वा थिएन ? भन्ने ऐतिहासिक तथ्यको अन्वेषणमा यो अध्ययन कार्य केन्द्रित छ ।

## अध्ययन विधि

यो अध्ययन विषयका दृष्टिले ऐतिहासिक भएपनि अनुसन्धानका स्वरूपमा दृष्टिले यो अध्ययन कार्य अन्वेषणात्मक प्रकृतिको एक गुणात्मक अध्ययन हो । त्यसैले यस अध्ययनका लागि तथ्य पनि ऐतिहासिक र गुणात्मक विशेषता युक्त हुनु आवश्यक पर्दछ । यस कुरालाई आधार मानेर यो अध्ययन-अनुसन्धानका लागि आवश्यक पर्ने तथ्य प्राथमिक र द्वितीय स्रोतअन्तर्गत कतिपय तथ्य यस क्षेत्रका पुरातात्त्विक स्थल र पुराना स्मारक एवम् कलाकृतिको विषयमा स्थलगत अन्वेषण गरेर, केही तथ्य टोखा क्षेत्रका जानकार विज्ञसँगको अन्तर्वार्ताबाट, यहाँ रहेका पुराना भौतिक संस्कृतिको अवलोकन आदिबाट सङ्कलन गरिएको छ । त्यसरी नै द्वितीय स्रोतहरूमा पूर्व प्रकाशित लिच्छवि अभिलेख, पुस्तक, पत्र-पत्रिकाबाट, कतिपय तथ्य पात्रहरू भने प्रकाशित अप्रकाशित आख्यान, एवम् किवंदन्तीबाट पनि सङ्कलन गरिएको छ। यी स्रोतले सङ्केत गरेका पुरानो मानव वस्ती हुन सक्ने सम्भावित स्थलमा स्थलगत अन्वेषण गरेर त्यहाँ मानव वस्ती रहेको तथ्यलाई पुष्टि गर्नलाई के कस्ता किराँत तथा लिच्छविकालीन भौतिक प्रमाण रहेका छन् ? भन्ने तथ्यलाई खोजी गरिएको छ । अन्वेषणबाट प्राप्त भौतिक अवशेष किराँत वा लिच्छविकालीन हुन् वा होइनन् भन्ने यकिन गर्न पूर्व प्रकाशित पुस्तकलगायत संस्कृति विषयमा लेखिएका आलेख पुरातत्त्व विषयका विज्ञसँग अन्तर्वार्ता, छलफलको माध्यमबाट तथ्यलाई सङ्कल गरिएको छ । किराँतको भाषा र लिच्छविकालीन भौतिक अवशेष पाइएका ठाउँलाई आधार कुन बेला वस्ती वसेको थियो भन्ने तथ्यलाई पुष्टि गरिएको छ । त्यस क्षेत्रमा रहेका मौखिक परम्परा, लिच्छवि अभिलेख, लिच्छविकालीन भौतिक अवशेषलगायत पूर्व प्रकाशित सामग्रीका आधारमा मानव वस्तीको पहिचान गर्ने विधि अवलम्बन गरिएको छ ।

यस अध्ययन कार्यलाई भौगोलिक रूपमा टोखा नगरपालिकाअन्तर्गत वडा नं. २ टोखा चण्डेश्वरी र वडा नं. ३ टोखा सरस्वतीमा मात्र सीमित गरिएको छ । हालको टोखा सरस्वती र चण्डेश्वरी क्षेत्र भित्रका सम्भावित किराँतकाल वा लिच्छविकालका मानव वस्तीको खोजीमा मात्र यो अध्ययन सीमित छ । विषयगत रूपमा चण्डेश्वरी र सरस्वती क्षेत्रमा मानव वस्ती रहेको खोजीमा मात्र केन्द्रित गरिएको छ। मानवको वस्तीवाहेक अन्य पक्षको अध्ययनमा यसमा गरिएको छैन । त्यसैगरी यस अध्ययनबाट प्रकाशमा आएका तथ्यका कतिपय सीमा छन् । यस क्षेत्रको मानव वस्तीको खोजीकार्यका लागि पुरातात्त्विक उत्खनन र त्यस्ता उत्खननबाट प्राप्त भौतिक अवशेषरुको निरपेक्ष तिथि निर्धारणबाट मात्र त्यसको वास्तविक तथ्य बाहिर आउन सक्दछ। समय, साधन र स्रोतको अभावले यस अध्ययनमा उत्खनन र भौतिक अवशेषको निरपेक्ष तिथी निर्धारण गर्न सकिएको छैन । अन्वेषणको क्रममा जमिनको सतहमा पाइएका भौतिक अवशेषको प्राप्तिका आधारमा सो क्षेत्रमा मानव बसोबास थियो भन्ने निष्कर्षमा पुग्दा कहिले काहीँ त्यस्ता अवशेष पछिल्लो समयमा मानव वस्तीको काल तलामाथि हुन सक्दछ। यस्तो अवस्थामा प्राप्त निष्कर्षमा केही फरक पर्ने हुन सक्छ यी कुरालाई यो अध्ययन कार्यको परिमाणमा देखापर्न सक्ने सीमा मानिएको छ ।

## मुख्य प्राप्ति

प्राचीनकालमा मानव वस्तीको विस्तृत जानकारी दिने प्रमुख आधारमा लिच्छविकालमा राखिएका अभिलेख नै हुन् । टोखालगायत त्यस आसपासका फुटुङ्ग, धर्मस्थली, बूढानीलकण्ठ, धापासी, टुसाल, धर्मपुर, साँखुमा अभिलेख पाइएका छन्। यसका आधारमा लिच्छविकालमा टोखा क्षेत्रमा लिच्छविकालमा नै वस्ती रहेको देखिन्छ। टोखा क्षेत्रमा नै लिच्छविकालीन अभिलेख प्राप्त भएकोले अभिलेखका अतिरिक्त यस अध्ययनका क्रममा प्राप्त अन्य पुरातात्त्विक वस्तु, लोक विश्वास, तथा पूर्वप्रकाशित अध्ययन सामग्रीका आधारमा टोखामा मानव वस्ती वसेको तिथि निर्धारण गर्नु पर्ने देखिन्छ । यस अध्ययनको क्रममा प्राप्त भएका विभिन्न तथ्यले टोखा क्षेत्रमा लिच्छविकालमा मावन वस्ती बसी सहरको रूप लिईसकेको कुरालाई सङ्केत गरेका छन् । काठमाण्डौं उपत्यकाको उत्तरी भेगको टोखा वरिपरि राखिएका अभिलेखीय तथा अन्य प्रमाणलाई आधार मानिएको छ ।

## उत्तरीक्षेत्रका प्राप्ति

टोखा कहिलेदेखि मानव बसोबास भयो भन्ने सम्बन्धमा त्यस क्षेत्रमा रहेका विभिन्न किसिमका प्राथमिक तथा द्वितीय स्रोतलगायत यस क्षेत्रको वरिपरि अर्थात् उत्तरी क्षेत्रमा रहेका अन्य अभिलेखको अध्ययनबाट पनि टोखाको मानव वस्तीको प्रमाणित आधार लिन सकिने भएकाले अन्य अभिलेखको पनि तुलना गरिएको छ ।

धर्मस्थली : काठमाडौं उपत्यकाको उत्तरी भागमा टोखाका हाराहारीमा धर्मस्थली भन्ने वस्ती रहेको धर्मस्थलीको शिवदेश र अंशुवर्माको संवत् ५१७ को अभिलेखमा छ । त्यहाँ वस्ती बाहिर उत्तरतिर सानो देवस्थल छ । त्यही यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ । त्यसमा धर्मस्थलीका बासिन्दालाई लेख्यदान र पञ्चापराधसम्बन्धी कामको अधिकार सुम्पी सनदपत्र गरिदिएको उल्लेख गरिदिएको छ । यस अभिलेखीय प्रमाणले धर्मस्थलीमा लिच्छविकालदेखि नै वस्ती रहेको स्पष्ट भएको छ। यस समयदेखि यहाँ मानव बसोबासको आजसम्म निरन्तरता देखिन्छ ।

धापासी : काठमाडौंको डेढकोश उत्तरतिर धापासी गाउँ पर्दछ। त्यसको नजीकै चुनदेवी भन्ने ठाउँमा पीपलको बोटमुनि चौरमा संवत् ५२६ को शिवदेव र अंशुवर्माको अभिलेख छ। त्यसमा धापासी भेगको वस्तीमा कुथेर, लिङवल आदि सरकारी अधीकरणले पञ्चअपराधको तहकीकात जस्तो ठूला-ठूला काममा समेत नपस्नु, खाली साविक कर (भाग, भोग, कर) उठाउन मात्र समृद्ध अधीकरण (कुथेर) ले पस्नु भन्ने व्यवस्था यसमा परेको छ। यस अभिलेखको आधारमा धापासी क्षेत्रमा पनि लिच्छविकालदेखि नै मानव बसोबासको रहेको पाइन्छ। यसपछि पनि यहाँ मानव बसोबासको इतिहास आजसम्म निरन्तर रहेको छ।

विष्णुपादुका : बूढानीलकण्ठ नारायणस्थानदेखि पश्चिम-उत्तरतिर विष्णुपादुका डाँडाको फेदीमा विष्णुमती तीरैमा एउटा पीपलको बोट रहेकोछ। यो बोटसँगै कुँदिएको संवत् ५१२ को शिवदेवको अभिलेख रहेको छ। विष्णुपादुकाको फेदीमा लिच्छविकालमा विकसित वस्ती थियो भन्ने कुरा यस अभिलेखबाट थाहा पाइन्छ। विष्णुमतीको तीरमा हावापानी स्वच्छ हुँदा यताभेकमा बढी सकेको बुझिन्छ। यो भेग थतुरी द्रङ्ग कहलाएको थियो। अलि उच्च जग्गामा वस्ती हुँदा थतुरी नामकरण भएको बुझिन्छ। त्यस्तैगरी अभिलेखमा थंतुरीद्रङ्गका बासिन्दासँग मल्लकर एक कार्षापणभन्दा बढी नलिने व्यवस्था मिलाइदिएको छ।

फुटुङ : बालाज्यूबाट एक कोश जति उत्तरपट्टि फुटुङ गाउँ रहेको छ। यस अभिलेखको सम्पूर्ण भाग खिइसकेको छ। तर पनि माथिल्लो भागमा पनि फाटफुट एक दुई अक्षर देखिन्छन्। यो अभिलेख अंशुवर्माको हो भन्ने देखिन्छ। अभिलेख अस्पष्ट भइसकेको छ तापनि लिच्छविकालका वस्तीबारे विचार गर्न यसबाट पनि केही मद्दत पाइन्छ।

टुसाल : बूढानीलकण्ठ नारायणस्थानबाट केही पूर्व-दक्षिणपट्टि टुसाल गाउँ रहेको छ। त्यहाँ बाटोमा एउटा शिलापत्र त्यसै पल्टाएर राखिएको छ। यसको पनि प्रायः सम्पूर्ण भाग खिइसकेको छ। अक्षर कुदाईको आधारमा यो अभिलेख अंशुवर्माको हो भन्ने देखिएको छ। ऊखु पेल्ने आदि कामबाट यो गाउँको नाउँ टुसाल रहेको हो। पछिसम्म पनि यस भेकमा ऊखुको खेती प्रशस्त हुन्थ्यो भन्ने बिच बिचमा रहेको फाँटफुट अक्षर हरूबाट देखिन्छ।

विष्णुपादुक : विष्णु पादुकाको फेदीमा रहेको संवत् ३९६ मानदेवले राखेको अभिलेखमा शिला स्तम्भ बनाउने काममा नियूक्त अधिकारीको नाम केटुम्बा भन्ने रहेको छ। केटुम्बाट यो किराती भाषाको शब्द हो। किराँती भाषामा बलियो वा माहिलो भन्ने अर्थमा केटुम्बा शब्द अहिलेसम्म प्रचलित छ भन्ने किराभाषा विषेषज्ञ श्री ईमानसिंह चेमजोङको भनाई रहेका छ। अहिले जेठो माहिलो भन्ने नाम रहेजस्तै माहिलो भन्ने अर्थमा किराँतीभाषामा केटुम्बाट नाम रहेको देखिन्छ। यसबाट राजा मानदेवको दरवारमा किराँतीहरू उनका विश्वास प्राप्त अधिकारीका रूपमा रहेका थिए भन्ने देखिन्छ।

बूढानीलकण्ठ : बूढानीलकण्ठ नारायणस्थान भन्दा अलिकति उत्तरतिर गैरीगाउँ भन्ने स्थानमा राजा मनुदेवको पालामा कुनै धनी व्यक्तिले महादेवको भव्य प्रतिमा (शिवलिङ्ग) स्थापना गरेको यस अभिलेखमा परेको छ।

धर्मपुर : बाँसवारीबाट उत्तर-पश्चिमपट्टि लागेपछि  धरमपुर पुगिन्छ। त्यहाँ संवत् ५२० को शिलालेख कुँदिएको शिलापत्र रहेको छ। अभिलेखबाट त्यहाँको वस्तीलाई कोट्टको दर्जामा राखी कोट्टले पाउने सवै सुविधा दिएको देखिन्छ। त्यहाँ चाटभाट नपस्नु भनिएकोले मालपोत मिनाहा गरिदिएको थियो भन्ने देखिन्छ।

साँखु : साँखुको यस अभिलेखमा महासाङधिक भिक्षुसंघको उल्लेख गरिएको छ। लिच्छविकालमा बौद्ध विहारमा सबभन्दा विशिष्ट विहार साँखुमै थियो। जसको नाम गंविहार थियो। यसको नामकरण किराँत परिवारको भाषाबाट भएको छ। यसबाट यो विहार किराँतकाल मै कायम भएको देखिन्छ।

वंशावली : नेपालका भाषा वंशावली साहित्य र केही स्थानीय पुराणमा पनि बूढानीलकण्ठदेखि कोटेश्वरसम्म फैलिएको विशालनगर नामको ९९ हजार घरको सहर रहेको वर्णन गरिएको छ। सो सहरको स्थापना कोसी (काञ्ची ?) बाट आएका धर्मदत्त राजाले गरेको भन्ने वर्णन पनि पाइन्छ (रेग्म, २०५१.पृ.५)।

विष्णुमती नदी : काठमाडौं उपत्यकाको उत्तरी क्षेत्र बूढानीलकण्ठमा प्राप्त नवपाषाणकालिक बञ्चरो विशेष उल्लेखनीय छ। यसको निर्माण जेनसिक ग्रेनाइट ढुङ्गाबाट भएको छ। यो उपकरण विष्णुमती नदीको मुहानमा प्राप्त भएको हो (पाण्डेय र रेग्मी, २०६२ पृ.६६)।

बूढानीलकण्ठ स्थानको शिवदेव र अंशुवर्मा : बूढानीलकण्ठ नारायणस्थानमा देवदर्शन गर्न ओर्लन पश्चिम ढोकाको सामुन्ने सानो वेदीका जस्तोमा शिवदेव र अंशुवर्माले राखेको संवत् ५१७ को अभिलेख कुँदिएको शिलापत्र टाँसिएको छ। त्यसमा तिमीहरूको ग्राममा कुथेर अधिकरणका अधिकृतले त्रिकर (भाग, भोग, कर) उठाउनको लागि मात्र पस्नु योग्य छ। लेख्यदान र पञ्चापराधको तहकीकात गर्ने आदि कामको निमित्तचाहिं नपस्नु भन्ने उल्लेख छ।

चाँगुनारायणको अभिलेख : चाँगुनारायणस्थानको मानदेवको अभिलेखमा संवत् ३८६ मा थतुरी द्रङ्ग (बुढानीलकण्ठ नजिकै विष्णुपादुकाको फेदीमा मानदेवले शिवलिङ्ग स्थापना गरेको स्पष्ट लेखिएको छ (वज्राचार्य, २०३० पृ.२८६)।

दूतक : राजाको आज्ञा जनतासम्म पुऱ्याउनेलाई लिच्छविकालका अभिलेखमा दूतक भनिएको छ। यो कुनै सरकारी पद होइन राजाका विश्वासिला व्यक्ति जोसुकै पनि हुन सक्तथे। अभिलेखको समाप्ति सूचक वाक्यमा दूतकका नाम लेखिएका अभिलेख पाइएका छन्। धर्मस्थली, टोखा, बूढानीलकण्ठको अभिलेखमा विप्रवमा गोमी र धापासीको अभिलखेमा लच्छा गोमी र विष्णुपादुकाको फेदीको अभिलेखमा महावलाध्यक्ष कुलप्रवीरको उल्लेख गरिएको छ। यी दूतकहरूको उल्लेख हरेक लिच्छविकालका अभिलेखमा उल्लेख गरिएका छन्।

## टोखा क्षेत्रका मुख्य प्राप्ति

टोखामा शिवदेव र अंशुवर्माको संवत् ५१९ को अभिलेखमा काठमाण्डौ धर्मस्थलीको हाराहारीमा टोखा नामक प्रसिद्ध वस्ती छ  भन्ने उल्लेख गरिएको छ। सो अभिलेखमा तिलमक र गुल्म शब्दको प्रयोग गरिएको छ। यसमा वस्तीको बारेमा प्रष्ट उल्लेख छ। तर अन्यन्त्र जस्तो यो क्षेत्रका मानिसलाई कुनै सुविधा सरकारीतर्फबाट

दिएको देखिँदैन । सायद यसको १ देखि ७ सम्मका पङ्क्ति पढ्न नसक्ने भएको कारणले गर्दा उल्लेख नभएको हुन सक्छ ?

टोखाकै शिवदेव र अंशुवमाले राखेको अभिलेखको व्याख्या गर्दै हरिराम जोशीले सम्पदान गरेको नेपालका प्राचीन अभिलेख नाम पुस्तकमा संक्षिप्त विरणमा उनले हाम्रो निगाहबाट जीविका गर्ने तथा अरुले पनि कुनै पीडा नगर्नु, गरेमा म कदापि सहने छैन भन्ने उल्लेख गरेको विश्लेषण गर्नु भएको छ (जोशी, २०३० पृ.२४६) ।

चण्डिकेश्वर शिवलिङ्ग : काठमाडौं जिल्लाको हाल टोखा नगरपालिकाको वडा नं २ अन्तर्गत चण्डेश्वरीमा  चण्डेश्वर शिवलिङ्ग रहेको छ । यसलाई पिण्डारक तीर्थस्थलको नामले पनि चिनिन्छ । चण्डेश्वर महादेवलाई जनजीब्रोले मुस्कानेश्वर महादेव पनि भन्छन् । यस मन्दिर परिसरमा रहेको भव्य कालीको मूर्ति अन्य देवी-देवताका मूर्तिहरूले यसलाई ऐतिहासिक महत्त्वको बनाएको छ । त्यसैले कुनै समयमा यो मन्दिर निकै वैभवशाली थियो भन्दै यो मन्दिर निकै पुरानो भएको स्वामीले उल्लेख गर्नु भएको छ (स्वामी, २०६८. पृ.२४७) ।

धार्मेश्वर शिवलिङ्ग : काठमाण्डौं जिल्लाको चण्डेश्वरी टोखा नजिक धर्मतीर्थमा धर्मेश्वर शिवलिङ्ग छ । त्यसै धर्मेश्वरलाई जनजीब्रोले बालेश्वर भन्ने नामकारण गरेका छन्  । यसलाई मृगेन्द्र पर्वत धर्मतीर्थ भनिएको छ । स्वामी प्रपन्नाचार्यले चौसट्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धानमा ५१ औं स्थानमा राख्नु भएको छ । यसलाइ निकै पुरानो मान्नु भएको छ  ।

हिमवत्खण्ड : विरूपाक्ष नेमुनिलाई साथमा लिएर धर्मतीर्थको उत्तम तटमा जानुभयो । त्यहाँ धर्मेश्वर भगवान बस्नु भएको थियो । विरूपाक्षले धर्मेश्वर भगवानको पूजा गरे । विरूपाक्षलाई नेमुनिले अघिल्लो युगमा धर्मराजले यस लिङ्गको आराधनाबाट अघि कुनै पापी किराँत मुक्त भएको थियो भन्ने उल्लेख छ (ढकाल, २०७५.पृ.९५८) ।

गोपालराज वंशावली : गोपालराज वंशावलीको पत्र २८ मा विहार किल्लामा वसेका गोगराम मूल्मीलाई साथ लिई विहार किल्लाका भारदारलाई एक गठ पारी टोखा किल्लामा पसे । त्यसको भोलिपल्ट राति श्री गोपालदेवलाई छोडी जोगराम भागे भन्ने उल्लेख छ (वज्राचार्य र मल्ल, १९८५. पृ.८४) ।

भाषा वंशावली : भाषा वंशावलीमा चौसट्ठी शिवलिङ्गको वर्णन गरिएको छ । त्यसमा टोखाको पिण्डारकतीर्थ श्री चण्डिकेश्वरको नाम उल्लेख छ (पौडेल, २०२०.पृ.७) ।

देवमाला वंशावली : देवमाला वंशावलीमा टोखा सहरबारे उल्लेख गर्दै राजा रत्नमल्लको पालामा नेपाल संवत् ६२९/३० सालमा कुकु नाम गरेका भोते देवानहरूका रखवारीको निमित्त ३ सय घरको सहर बनाइ प्रजा बसाएका हुन् । यो सहरको मुख्य देवता चण्डेवरी हुन भन्ने उल्लेख छ (योगी, २०१३, पृ.१२६) ।

प्राचीन गणेशमूर्ति :  टोखाको उत्तरी द्वारको ठीक भित्र एउटा गणेश मन्दिर छ । दक्षिणाभिमुख दुई तले यो मन्दिर तीन वर्ष जति पुरानो भएपनि यसभित्रको सानो मन्दिर अत्यन्त प्राचीन भएको उल्लेख पुरातत्त्वविदले गरेका छन् ।

पञ्चमुखी शिवलिङ्ग : टोखा क्षेत्रमा रहेको सपनतीर्थ मन्दिरमा एक पँचमुखी शिवलिङ्ग रहेको छ । सामान्य अंलकरण भएको ठूलो मुखलिङ्ग  नेपालका थोरै संख्यामा रहेका पुराना मुखलिङ्ग मध्ये एक हो । यसलाई पनि प्राचीन मूर्तिको रूपमा पुरातत्त्वविद्ले लिएका छन् । यस्तै एक प्राचीन मुखलिङ्ग टोखा क्षेत्रको भूतखेल चौरमा रहेको थियो जुन अहिले हराई सकेको छ ।

## छलफल

काठमाण्डौं उपत्यकामा धेरै पहिलेदेखि मानिसको बसोबास हुँदै आएको पाइन्छ । प्रारम्भमा यो ठाउँ ठूलो तलाउको रूपमा रहेको थियो । त्यही समयमा टोखा क्षेत्रमा पहिलो पटक मानव वस्ती वसेको भन्ने तथ्यलाई जनश्रुतिको आधारमा ऐतिहासकारहरूले उल्लेख गरेका छन् । तर त्यसका आधिकारीक प्रमाणहरू पाउन सकिएको छैन् । कतिपयले जुन तलाउ त्यसैलाई नागदह भनिएको उल्लेख गरिएको पाइन्छ । त्यस तलाउको पानी बाहिर गएपछि विस्तारै जमिन सुकेर मानव वस्ती योग्य ठाउँको रूपमा विकसित भएपछि उपत्यकाको वरिपरि उच्च स्थानमा भू-भागमा बसोबास गर्ने मानिस नै समतल उपत्यकामा बसोवास आरभ्म गरेको हुन सक्ने विश्वास इतिहासकारले गरेका छन् । वंशावलीका अनुसार उपत्यकाभित्र आवादी गर्ने पहिलो समूह ग्वाला (गोपाल) जातिलाई मानिएको छ । बुढानिलकण्ठ वरिपरि क्षेत्रमा गरिएको पुरातात्त्विक अनुसन्धानबाट उपत्यकामा प्राग ऐतिहासिककालदेखि नै मानव अस्तित्त्व भएको तथ्यलाई प्राप्त गरेको हाते औजारहरूले पृष्टि गरेको छ । तर मानवहरू व्यवस्थित रूपबाट कहिलेदेखि बसोबास प्रारम्भ भयो यकिनसाथ भन्ने सक्ने आधारहरू पाउन सकिएको छैन् । उपत्यका भित्रका सबैजसो पुराना वस्ती उच्चस्थानमा बस्दै आएकोले तिनीहरूनै स्थान परिवर्तन गरी तल सरेको अनुमान गरिएको छ (धौवन्जार, २०६८. पृ.१३-१५) । उनको यस तर्कलाई पुष्टि गर्ने तत्कालीन पुरातात्त्विक स्रोतहरू उपलब्ध हुन सकेका छैनन् । समाजशास्त्री किङ्गस्ले मानव बसोबासका लागि ओवानो जलवायु स्वस्थकर हावापानी, पर्याप्त सूर्यको किरण, स्वच्छ प्राकृतिक वनस्पति, ज्यादा वर्षा नहुने, राम्रो र बाक्लो माटो भएको ठाउँ उपयुक्त हुने र त्यस्तो किसिमको वातावरण प्रार्यजसो पानीको छाललले जमाएको माटो भएको उपत्यका हुने वर्णन गरेका छन् (किङ्गस्ले, १९५४. पृ.३१९) । यस्तो खालको पूर्वाधार उपत्यकामा प्रारम्भिक कालदेखि नै भएकोले यस स्थानमा बसोबास गर्न मानिसलाई पूवाधारले आकर्षित गरेको हुनुपर्छ ।

इतिहासकारले भारतमा राजतन्त्रअन्तर्गत चलेका राज्य र जनतन्त्रअन्तर्गत  चलेका राज्यहरूबिचमा प्रतिस्पर्धा चल्दा गणतन्त्रात्मक राज्यहरू लोप हुँदै गएकाले त्यसरी राज्य गुमाउने जातिहरूमा वैशालीका लिच्छवि, कपिलवस्तुका शाक्य, कुशीनगरका मल्ल र रामग्रामका कोलिय थिए । यिनीहरूमा एक आपसमा भएको लडाइ झगडाले गर्दा त्यहाँका मानिस शारणार्थीका रूपमा नेपालको पहाडी भागतिर प्रवेश गरे । यी सबै समूहलाई किराँतीहरूले आफनो राज्य क्षेत्रमा बसोबास गर्ने व्यवस्था मिलाई दिए भन्ने उल्लेख गरिएको पाइन्छ (दाहाल, २०७६.पृ.४०) । दक्षिणतिरबाट आएका यिनीहरूले नै गोपाल, महिषपाल वंशीय शासकका रूपमा राज्य आरम्भ गरेको सङ्केत वंशावलीले गरेको देखिन्छ । लिच्छविकालसम्म आइपुग्दा उपत्यकामा गोपाल, महिषपाल, किराँत, शाक्य, बृज्जिक, कोली, लिच्छवि, मल्ल आदि धेरै जातिका मानिसको आगमन भइसकेको देखिन्छ (दाहाल, २०७६.पृ.४०) ।

टोखामा गोपाल तथा महिषपालहरूले बसोबास गरेको आधार आजसम्म पाउन सकिएको छैन । त्यसपछि उपत्यकामा करिब ३२ पुस्तासम्म शासन गर्ने किराँतीको अस्तित्व त्यहाँ रहेको अनुमान गर्न सकिन्छ । कतिपय विद्वानहरूले यहाँको वस्तीलाई किराँतकाल अगाडिको मानेका छन् । बाग्मतीको प्रमुख पश्चिमी सहायक नदी विष्णुमती शिवपुरी पर्वतको दक्षिण-पश्चिमी लङ्स्थित विष्णाप भनिने शिखरबाट, टोखा (जहाँ उपत्यका दह भइरहेको बेलामै, किराँतराज्य स्थापित हुनु अगाडि नै सर्वप्रथम बस्ती बसालिएको थियो । दोस्रो बस्ती सुप्रभानगर (थानकोटमा भनिएको र तेस्रो वस्ती विशालनगर तचोभार छेडोबाट दहको पानी निखारिएपछि मात्र बसालिएका हुन भनिन्छ (प्रधान,२०७५ पृ.११०) । टोखामा लिच्छवियुगका राजा शिवदेव र अंशुवर्माले राखेको संवत ५१९ को अभिलेख प्राप्त भएको छ । त्यसमा जग्गाको चारकिल्ला खोल्दा धेरै पटक तिलमक शब्दको उल्लेख गरिएको पाइन्छ । एक ठाउँमा तिलमकसंगम पद भन्ने शब्द रहेको छ । तिलमक भनेको कुलो हो र यसले टोखा क्षेत्रमा अनेक खालका कुला थिए भन्ने कुरालाई ईङ्गित गरेको छ (वज्राचार्य, २०३० पृ.२६६-२६७)। तिलमक भन्नाले कुलोलाई जनाउँछ भन्ने तथ्यलाई स्पष्ट गर्न अन्यत्र यस्तै शब्दको प्रयोग गरिएको देखिन्छ । पाटन मीननाथको अभिलेख विभिन्न पाञ्चालीका बासिन्दाले भाग शान्ति मिलाई तिलमकको उपयोग गर्ने उल्लेख गरेको छ । त्यस्तै पाटनको छिन्नमष्टाको अभिलेखमा अंशुवर्माले तिलमक बनाइदिएको र पछि बिग्रेको हुनाले सामन्त चन्द्रवर्माको रेखदेखमा जीर्णोद्वार गरेको उल्लेख छ । यी अभिलेखहरूको आधारमा तिलमक भन्नाले कुलो हो भन्ने निश्चित भएको छ । तिलमक शब्द संस्कृति भाषाको होइन । किराँत परिवारको जनभाषाबाट यो प्रचलनमा आएको धनवज्रले उल्लेख गर्नु भएको छ (वज्रचार्य, २०३०.पृ.२६६-२६७) । उनले धेरै अधिदेखि यो शब्द प्रचलित भइसकेको हुँदा लिच्छविकालका अभिलेखमा कुल्या शब्दको प्रयोग नगरी तिलमक शब्दकै प्रयोग गरिएको भन्ने तर्क गरेका छन् । त्यस्तै गरी तिलमकको शब्दको उल्लेख नक्साल नारायण चौरको अभिलेख, पशुपति बज्रघरको अभिलेखमा यसको उल्लेख गरिएको देखिएबाट लिच्छविकालभन्दा अघि नै अर्थात् किराँतकालमै टोखा क्षेत्रमा खेतीका लागि कुलोको वन्दोवस्त थियो भन्ने देखाउँछ । उपत्यकामा धेरै ठाउँमा रहेका अभिलेखमा तिलमकको चर्चाले किराँती कुलो निर्माणमा दक्ष रहेको अनुमान गर्न सकिन्छ ।

नेपालमा निकै लामो समय किराँतीहरूले शासन गरे पश्चायत लिच्छविले गरे । लिच्छविहरू कहाँबाट आए भन्ने बारेमा विवादीत अबस्थामा रहेको छ । तर कतिपय ऐतिहासकारहरूले लिच्छविहरू नेपालमा आउनु भन्दा पहिले  वैशालीमा गणतन्त्रात्मक राज्यका बासिन्दा भएको उल्लेख गरेका छन् । राज्य एकीकृत गर्ने प्रक्रिया अगाडि बढेपछि गणतन्त्रात्मक राज्य लोप हुँदै जानथाले पछि यिनीहरू पहाडकोबाटोबाट नेपाल प्रवेश गरे । जुन समयमा यहाँ किराँतीहरूको शासन रहेको थियो । लिच्छविहरूलाई किराँतीले आफनो क्षेत्रमा बसोबास गर्ने व्यवस्था मिलाइदिएका थिए । यहाँ वस्ता रहँदा यिनीहरूले किराँतीलाई हटाएर नेपालमा आफनो शासन व्यवस्था कायम गरे (दाहाल, २०७६ पृ.४०) । भारत गणतन्त्रात्मक राज्य रूपमा रहेको प्राचीनकाली वैशाली विशाल महानगरको रूपमा थियो । ललित विस्तारमा वैशालीको वर्णन समृद्ध एवम् वैभवशाली नगरका रूपमा व्याख्या गरिएको पाइन्छ (चौधरी, १९८९ पृ.९७) । नेपालको इतिहासमा ऐतिहासिक युग नै लिच्छविको शासनकाल आरम्भ भएपछि सुरु भएको देखिन्छ । पहिलोपटक  अभिलेख राख्ने, मुद्रा निकाल्नेदेखि लिएर नेपालको राजनीतिक व्यवस्था, भाषा, साहित्य, कला, वास्तुकला तथा बाह्य जगतसँगको सम्बन्ध विस्तारलगायत सबै क्षेत्रको विकासमा लिच्छवि युगको भूमिका उल्लेखनीय छ । यिनीहरूले गरेको चौतर्फी विकासको आधारमा लिच्छवि युग नेपालको इतिहासमा स्वर्ण युगका रूपमा अङ्कित छ (दाहाल, २०७६.प.४०) । राज्य सञ्चालनलगायत क्षेत्रमा

गहन अनुभव बटुलेका लिच्छविले काठमाडौं उपत्यकामा मानव सभ्यताको विकास गरेका हुन् । उनीहरूले उपत्यकामा राखेका विभिन्न किसिमका अभिलेखबाट कलात्मक चेत, संगठित राज्य व्यवस्था, शैक्षिक उन्नति, कृषि, पशुपालन उद्योग एवम् व्यापार व्यवसायमार्फत् आथिर्कउन्नति गर्ने सार्मथ्य रहेको देखिन्छ (आचार्य, २०७६.पृ.५२) ।

धर्मस्थलीका वासिन्दालाई लेख्यदान र पञ्चापराधसम्वन्धी कामको अधिकार दिएका अभिलेखमा नै उल्लेख गरेको हुँदा यस क्षेत्रमा लिच्छविकालदेखिन मानव बसोबास गरेको तथ्यलाई स्पष्ट गरेको छ । त्यस्तैगरी धापासी भेगको वस्तीमा कुथेर, लिङ्वल आदि सरकारी अधीकरणले पञ्चअपराधको तहकीकात जस्ता ठूला-ठूला काममा समेत नपस्नु, खाली साविक कर(भाग,भोग,कर) उठाउन मात्र सम्बृद्ध अधीकरण (कुथेर) ले पस्नु भन्ने व्यवस्था यसमा परेको छ । यस अभिलेखको आधारमा धापासी क्षेत्रमा पनि लिच्छविकालदेखि नै मानव बसोबासको रहेको पाइन्छ । विष्णुपादुकाको फेदीमा रहेको अभिलेखमा शिवदेवको अगाडि लिच्छविकुलकेतु भन्ने विशेषण पनि लगाइएको छ । त्यस स्थानलाई थतुरी द्रङ्ग नाम राखिएको पाइन्छ । त्यस स्थान अति उच्च स्थानमा वस्ती वसेकोले थंतुरी नामकरण भएको बुझिन्छ भने द्रङ्ग भन्नाले शहर बुझिन्छ । लिच्छविकालका अभिलेखमा ग्राम, तलसहितको विकसित वस्तीले लिच्छविकालमा द्रङ्गको संज्ञा पाएको देखिन्छ ।

यसले बन्द-व्यापार चली गुलजार भएको प्रशासनको दृष्टिले विशिष्ट दर्जा दिइएको भन्सार अड्डा रहेको निश्चित इलाका भएको एक किसिमको सहरको विकसित वस्ती द्रङ्ग रूपमा लिएको देखिन्छ । त्यसैले यो एउटा विकसित वस्तीका रूपमा रहेको तथ्यलाई यसले पुष्टि गरेको छ । लिच्छविकालीन समयमा यस्ता द्रङ्ग अन्यत्र पनि रहेको देखिन्छ । शीताटिका द्रङ्ग, यूपग्राम द्रङ्ग, लेम्बटी द्रङ्ग, माखोप द्रङ्ग आदि रहेको पाइन्छ भने शीताटीका द्रङ्गमा सतुङ्गल, किसिपिंडी थानकोट, भेल्वू, मालटार, चौकिटार आदि अनेक वस्ती भएको देखिन्छ । यस अभिलेखमा थंतुरी द्रङ्गका वासिन्दालाई मल्लकर एक कार्षापणभन्दा बढी नलिने व्यवस्था मिलाइदिएको छ । टोखा पनि लिच्छविकालमा थतुरीद्रङ्गअन्तर्गत रहेका सानो सरको रूपमा हुन सक्ने अनुमान गर्न सकिन्छ । फुटुङ गाउँमा रहेको अभिलेखको सम्पूर्ण भाग खिइसकेको छ । तर पनि माथिल्लो भागमा पनि फाटफुट एक दुई अक्षर देखिन्छन् । यो अभिलेख अंशुवर्माको हो भन्ने देखिन्छ । अभिलेख अस्पष्ट भइसकेको छ तापनि लिच्छविकालका वस्ती रहेको तथ्यलाई यसले स्पष्ट संकेत गरेको छ ।

टुसाल गाउँको बाटोमा एउटा शिलापत्र त्यसै पल्टाएर राखिएको छ । यसको पनि प्रायः सम्पूर्ण भाग खिइसकेको छ । अक्षर कुँदाइको आधारमा यो अभिलेख अंशुवर्माको हो भन्ने छ । उखु पेल्नेलगायत कामबाट यो गाउँको नाउँ टुसाल रहेको हो । पछिसम्म पनि यस भेकमा उखुखेती प्रशस्त हुन्थ्यो भन्ने बीचबीचमा रहेको फाटफुट अक्षरबाट देखिन्छ । टोखामा पनि प्रशस्त उखुखेती गरी चाकुसमेत वनाउने गरेको देखिन्छ । आजसम्म टोखामा वनाएको चाकु प्रख्यात रहेको छ । विशेषगरी चाकुलाई माघेसँक्रान्तिका दिन तरुल, घिउ, र चाकु खाने सांस्कृतिक परमपरा रहेको छ । विभिन्न ग्रन्थमा चाकु वनाउनको लागि स्थानीय रूपमा मात्र नभएर भएबाट अन्यत्रबाट उखु टोखा ल्याउने गरेको संकेत पाइन्छ । त्यसले लिच्छविकालमा टोखामा उद्योगधन्दा समेत रहेको हुँदा यो क्षेत्र बजारको रूपमा विकसित भएको अनुमान गर्न सकिन्छ । विष्णु पादुकाको फेदीमा मानदेवले राखेको अभिलेखमा शिला स्तम्भ बनाउने काममा नियुक्त अधिकारीको नाम केटुम्बा भन्ने रहेको छ । केटुम्बाट यो किराँती भाषाको शब्द हो । किराँती भाषामा बलियो वा माहिलो भन्ने अर्थमा केटुम्बा शब्द अहिलेसम्म प्रचलित

छ भन्ने किराँत भाषा विशेषज्ञ श्री इमानसिंह चेमजोङको छ । अहिले जेठो माहिलो भन्ने नाम रहेजस्तै माहिलो भन्ने अर्थमा किराँती भाषामा केटुम्बाट नाम रहेका देखिन्छ । टोखा पनि उच्च भागमा पर्ने भएको र यसबाट थंतुरी द्रङ्गमा किराँतीको वसोबास थियो भन्ने देखिन्छ । गैरीगाउँ भन्ने स्थानमा राजा मनुदेवको पालामा कुनै धनि व्यक्तिले महादेवको भव्य प्रतिमा (शिवलिङ्ग) स्थापना गरेको यस अभिलेखमा छ । यसले पनि यो उत्तरी क्षेत्र लिच्छविकालमा प्रख्यात रहेको प्रष्ट्याउँछ । धरमपुर वस्तीलाई कोट्टको दर्जामा राखी कोट्टले पाउने सबै सुविधा दिएको पाइन्छ । त्यस क्षेत्रमा चाटभाटलाई जान रोक लगाई मालपोत मिनाहा गरिदिएको देखिन्छ । यो क्षेत्र सानो बस्तीबाट ठुलो वस्तीमा विकसित भएको सङ्केत गरेको छ ।

साँखुको यस अभिलेखमा महासाङ्धिक भिक्षुसंघको उल्लेख छ । यसले लिच्छविकालमा बौद्व विहार हरूमा सबैभन्दा विशिष्ट विहार साँखुमै रहेको देखिन्छ । यसको नामकरण किराँती परिवारको भाषाबाट भएकाले यो विहार किराँतकालमै कायम भएको सङकेत पाइन्छ । वंशावली साहित्य र केही स्थानीय पुराणमा पनि बूढानीलकण्ठदेखि कोटेश्वरसम्म फैलिएको विशालनगर नामको ९९ हजार घरको सहर रहेको वर्णन गरिएको छ । सो सहरको स्थापना काशी (काञ्ची ?) बाट आएका धर्मदत्त राजाले गरेको भन्ने बर्णन पनि पाइन्छ (रेग्मी, २०५१.पृ.५) । यसले टोखा क्षेत्र पनि यसै अन्तर्गत रहेको थियो कि भन्ने अनुमान गर्न सकिन्छ । बूढानीलकण्ठ नारायणस्थानमा शिवदेव र अंशुवर्माले अभिलेखमा तिमीहरूको ग्राममा कुथेर अधीकरणका अधिकृतहरूले त्रिकर (भाग, भोग, कर) उठाउन मात्र पस्नु योग्य छ । लेख्यदान र पञ्चापराधको तहकीकात गर्ने आदि कामको निमित्तचाहिं नपस्नु भन्ने उल्लेख गरिएबाट यो पहिलो गाउँको रूपमा रहेको र पछि सहर हुन गएको देखिन्छ । त्यसरी सहर हुँदा टोखालाई पनि त्यसै शहरमा राखिएको हो कि भन्ने देखिन्छ ।

चाँगुनारायणस्थानको मानदेवको अभिलेखमा थतुरी द्रङ्ग (बूढानीलकण्ठ नजिकै विष्णु पादुकाको फेदीमा मानदेवले शिवलिङ्ग स्थापना गरेको लेखिएको छ (वज्राचार्य, २०३०.पृ.२८६) । यसले यो क्षेत्र सांस्कृतिक रूपले पनि विशिष्ट स्थान रहेको अनुमान गर्न सकिन्छ । राजाको आज्ञा जनतासम्म पुऱ्याउनेलाई लिच्छविकालका अभिलेखमा दूतक भनिएको छ। राजाका विश्वासिला जोसुकै व्यक्ति दूतक हुन्थे । धर्मस्थली, टोखा, बूढानीलकण्ठको अभिलेखमा विप्रवर्मा गोमी र धापासीको अभिलखेमा लच्छा गोमी र विष्णु पादुकाको फेदीको अभिलेखमा महावलाध्यक्ष कुलप्रवीरको उल्लेख पाइन्छ ।

टोखामा शिवदेव र अंशुवर्माको अभिलेखमा टोखा नामक प्रसिद्ध वस्ती उल्लेख छ । यसमा जग्गाको चारकिल्ला खोल्दा धेरै पटक तिलमक, तिलमकसंगम र गुल्म शब्दको प्रयोग गरिएको पाइन्छ । यहाँ मानव वस्ती कहिलेदेखि रहेको थियो भन्ने तथ्यलाई उजागर गर्न तिलमक र गुल्म शब्दको बारेमा विश्लेषण गर्नु पर्ने हुन्छ । तिलमक भनेको कुलो रहेको तथ्यलाई स्थितिमल्लको पालामा लेखिएको नेवारी अनुवादसहितको एउटा अमरकोशमा कुल्या स्यात, कृत्रिमा नदीको अनुवाद कूल्या भन्नाले तिलमक भनी लेखिएको पाइन्छ । त्यसलाई पाटन मीननाथ, नक्साल नारायणचौर आदिमा रहेको अभिलेखमा तिलमक भनेको कुलो भन्ने उल्लेख तथ्यलाई पुष्टि गरेको छ । यसरी तिलमक भनेको कुलो हो भन्ने निश्चित भएपछि लिच्छविकालको कृषि व्यवसाय फस्टाएको तथ्यलाई प्रकाशमा ल्याएको छ । त्यसबेला आकाशखेतीको भर नपरी उब्जनी बढाउनका लागि कुलोको वन्दोवस्त गरिएको देखिन्छ । यसले टोखा क्षेत्रमा लिच्छविकालमा नै वस्ती बसी खेतीकिसानी गर्ने गरेको तथ्यलाई स्पष्ट गरेको छ । तिलमक शब्दलाई संस्कृत भाषा होइन किराँत परिवारको जनभावनाबाट यो प्रचलनमा

आएको इतिहासविद्हरूले उल्लेख गरेका छन् । धेरै अघिदेखि यो शब्द प्रचलित भइसकेको हुँदा लिच्छविकालका अभिलेखमा कुल्य शब्दको प्रयोग नगरी लितमक शब्दकै प्रयोग गरिएको हो। कुलोलाई तिलमक भन्ने शब्द किराँत परिवारको भाषाबाट रहेकोले लिच्छविकालभन्दा अघि नै अर्थात् किराँतकालमै यहाँ खेतीका लागि कुलोको वन्दोवस्त थियो भन्ने देखाउँछ । यसरी किराँतकालमा नेपाल उपत्यकामा कृषि व्यवसाय चलिसकेको पाइन्छ । यसले टोखामा किराँत कालमा नै बसोबास रहिसकेको अनुमान गर्न सकिन्छ तर किराँतकालमा यस क्षेत्रमा मानव वसोबास प्रमाणित गर्ने आधार प्राप्त हुन सकेको छैन । यो भविष्यका लागि खोजको विषय पनि हुन सक्छ ? त्यसैले यस विषयमा थप कुरा गर्न सकिने स्थिति छैन ।

टोखाको यसै अभिलेखमा गुल्म शब्दको पनि उल्लेख गरिएको पाइन्छ । गुल्म भन्नाले सुरक्षाचौकी भनिएको छ। लिच्छविकालमा नेपाल उपत्यकाभित्र निकै वन थिए। तिनमा केही वन राष्ट्ररक्षाका लागि वनदुर्गका रूपमा परिणत गरी राखिएका थिए। जथाभाबी दाउरा काट्ने गरे वन पातलो भई किल्लाको काम नदिने हुनाले यस विषयमा नियम-कानुन लागू गरिएका थिए। वस्तीका मानिसले जथाभावी गरेमा वनजङ्गलको सुरक्षाको गर्न खटिएका सरकारी अधिकारीहरूले काठपात ल्याउने उपर कारवाही गर्दथे । कानुनी दण्डको स्वरूप उनीहरूको बञ्चरो लगायत काठ-पात खोसेर लिने गरिन्थ्यो। कहिले काही ग्रामीण बासिन्दाहरूलाई छेकथुन समेत गरिन्थ्यो। सर्वसाधारण जनाताका लागि सतुङ्गल भेकको काबुङ्ग ग्राममा बस्नेलाई जङ्गलबाट काठपाट ल्याउने विशेष सुविधा दिएको उल्लेख गरिएको छ (वज्राचार्य, २०३०.पृ. २६५) । चाँगुको शिवदेव र अंशुवर्माको अभिलेखमा राष्ट्ररक्षाका लागि दुर्ग (किल्ला) को आवश्यकता हुन्छ भन्ने उल्लेख गएिको पाइन्छ । लिच्छविकालमा पनि राष्ट्ररक्षाका लागि ठाउँठाउँमा किल्ला बनाइएका थिए (वज्राचार्य, २०३०. पृ.२३८) ।

यसले लिच्छविकालका कोट्ट (किल्ला) बारे प्रष्ट पारेको छ। यस्ता किल्ला बाटामा पायक पर्ने ठाउँमा बनाइएको हुन्थे । यसको उपयोगिता राष्ट्रको सुरक्षा र नियम-कानुन नमान्नेलाई छेकथुन गर्ने काममा पनि कोट्टका अधिकारी (कोट्टनायक) सूचित गरेर अपराधीलाई पक्रने काम गरिन्थ्यो । टोखा क्षेत्रमा गुल्म रहेकोबाट तत्कालीन समयमा व्यापारीहरू यही स्थान भएर काठमाण्डौ, नुवाकोट हुँदै तिब्बत आवतजातव गर्दथे (धौवन्जार, २०६८ पृ.८२) त्यसबेला नै काठमाण्डौ उपत्यका प्रवेश गर्ने एउटा महत्त्वपूर्ण नाकाको रूपमा किल्लाको राखिएको हुन सक्ने अनुमान गर्न सकिन्छ। टोखाकै शिवदेव र अंशुवमाले राखेको अभिलेखको व्याख्या गर्दै हरिराम जोशीले सम्पादन गरेको नेपालका प्राचीन अभिलेख नाम पुस्तकमा संक्षिप्त विवरणमा उनले हाम्रो निगाहबाट जीविका गर्नेहरू तथा अरुहरूले कुनै पीडा नगर्नु, गरेमा म कदापि सहने छैन भन्ने उल्लेख गरेको विश्लेषण गर्नु भएको छ (जोशी, २०३०.पृ.२४६) । त्यस्ता सुरक्षा चौकीहरू प्रायःजसो मानव वस्ती भएको वा सानो सहरको रूपमा विकसित भएको क्षेत्रमा रहने गरेको हुँदा लिच्छविकालमा टोखा क्षेत्र पनि ठूलै मानव बसोबास क्षेत्रको रूपमा विकसित भएको पुष्टि गरेको छ ।

## सँस्कृति

टोखा चण्डेश्वरी मन्दिरको दक्षिणतर्फ चण्डिकेश्वरको मन्दिर रहेको छ । यसलाई चौसठ्ठी लिङ्ग स्वरूपमध्ये एक मानिन्छ। मातृकागणसहित चण्डिका देवीले दैत्यहरूलाई मारेर महारुद्र ध्यान गरी बस्ने क्रममा आश्विन शुक्ल चर्तुदशीका दिन लिङ्ग उत्पत्ति भएकोदेखि चण्डिकाले हर्षित भई पूजा गरिएको जनविश्वास रहेको

पाइन्छ । चण्डिका देवीले पूजा गरेको लिङ्ग स्वरूप भएको हुनाले चण्डिकेश्वर भनियो । टोखामा रहेको चौसठ्ठी लिङ्गमध्ये एक चण्डिकेश्वर महादेवको नामले ख्याति प्राप्त मन्दिर यो हो । यसलाई अझैसम्म महत्त्वपूर्ण प्राचीन तीर्थस्थलको रूपमा लिने गरिएको छ । जसलाई पिण्डारक तीर्थस्थलको नामले समेत स्थानीय रूपमा परिचित रहेको छ । यस मन्दिर परिसरमा रहेको भव्य कालीको मूर्ति लगायत अन्य देवी-देवताका मूर्तिहरूले यसलाई ऐतिहासिक महत्त्वको बनाएको छ । कुनै समयमा यो मन्दिर निकै वैभवशाली थियो भन्दै यो मन्दिर निकै पुरानो भएको उल्लेख स्वामीले गर्नु भएको छ (स्वामी, २०६८.पृ.२४७) । चण्डेश्वरी टोखा नजिक धर्मतीर्थमा धर्मेश्वर शिवलिङ्ग अवस्थित रहेको छ । त्यसै धर्मेश्वरलाई जनजीब्रोले बालेश्वर भन्ने नामकारण गरेका छन् । यसलाई मृगेन्द्र पर्वत धर्मतीर्थ भनिएको छ । यसलाई प्राचीन शिवलिङ्गको रूपमा लिने गरेको हिमवत्खण्डमा उल्लेख छ । विरूपाक्ष नेमुनिलाई साथमा लिएर धर्मतीर्थको उत्तम तटमा जानुभयो । त्यहाँ धर्मेश्वर भगवान वस्नु भएको थियो । विरूपाक्षले धर्मेश्वर भगवानको पूजा गरे । विरूपाक्षलाई नेमुनिले अघिल्लो युगमा धर्मराजले यस लिङ्गको आराधनाबाट अघि कुनै पापी किराँत मुक्त भएको थियो भन्ने उल्लेख छ (ढकाल, २०७५.पृ.९५८) ।

गोपालराज वंशावलीको पत्र २८ मा विहार किल्लामा बसेका गोगराम मुलमीलाई साथ लिई विहार किल्लाका भारदारलाई एक गठ पारी टोखा किल्लामा पसेको चर्चा रहेको छ । त्यसको भोलिपल्ट राति श्री गोपालदेवलाई छोडी जोगराम भागे भन्ने परिचर्चा गरिएको छ (वज्राचार्य र मल्ल, १९८५.पृ.८४) । भाषा वंशावलीमा चौसठ्ठी शिवलिङ्गको वर्णन गरिएको छ । त्यसमा टोखाको पिण्डारकतीर्थ श्री चण्डिकेश्वरको नाम उल्लेख पाइन्छ । (पौडेल, २०२०.पृ.७) । देवमाला वंशावलीमा राजा रत्नपल्लको पालामा नेपाल संवत् ६२९/३० सालमा कुकु नाम गरेका भोटे देवानहरूका रखवारीको निमित्त ३०० घरको सहर बनाई प्रज्ञा बसाएका वंशावलीहरूमा उल्लेख गरिएको छ । यो सहरको मुख्य देवता चण्डेश्वरी हुन भनेर किटान गरिएको छ (योगी, २०१३, पृ.१२६) । यसले अघि नै मानव बसोवास भएको तथ्यलाई प्रष्ट गरेको छ । टोखाको उत्तरी द्वारको ठीक भित्र एक गणेश मन्दिर रहेको छ । दक्षिणाभिमूख दुई तले यो मन्दिर तीन वर्ष जति पुरानो भएपनि यस भित्रको सानो मन्दिर अत्यन्त प्राचीन भएको उल्लेख पुरातत्त्वविद्ले गरेका छन् । टोखा क्षेत्रमा रहेको सपनतीर्थ मन्दिरमा एक पँचमुखी शिवलिङ्ग छ । सामान्य अँलकरण भएको ठुलो मुखलिङ्ग नेपालका थोरै संख्यामा रहेका पुराना मुखलिङ्ग मध्ये एक हो । यसलाई प्राचीन मूर्तिको रूपमा विज्ञहरूले लिएका छन् ।

## निष्कर्ष

प्राचीनकालका मानव वस्तीको विस्तृत जानकारी दिने आधारहरूमध्ये लिच्छविकालमा राखिएका अभिलेख र साहित्यक ग्रन्थ नै प्रमुख हुन् । टोखा सहरको मध्य भागमा प्राप्त भएको लिच्छविकालिन अभिलेखले यो क्षेत्र प्राचीन बस्तीको रूपमा रहेको आधार सवंत् ५१९ को अभिलेखले दिएको छ । टोखा वरिपरिका छिमेकी ग्रामीण वस्तीहरूमा समेत प्राचीनकालमा राखिएका विभिन्न अभिलेखहरू प्राप्त भएको कारणले गर्दा टोखाको मानव बस्तीको समय किराँतकालमै मानव बसोबास भएको तथ्यलाई स्पष्ट गरेको छ । तर लिखित प्रमाणहरूको आधारमा हेर्दा धर्मस्थलीको हाराहारीमा टोखा नाम गरेको प्रसिद्ध बस्ती थियो भन्ने अभिलेखीय प्रमाण पाइएको छ । विभिन्न साहित्यक ग्रन्थहरूमा लिच्छविकालमा टोखा क्षेत्रमा व्यापक रूपमा उखु खेती हुने गरेको विवरणहरू पाइएका छन् । नेवारी भाषामा उखु पाउने फाँटलाई टुख्या भनिने हुँदा त्यसैशब्दको अपभ्रस भई टोखा नाम रहन गएको धारणाहरू रहेको पाइन्छ । त्यसैले टोखा नाम नै प्राचीन रहेको देखिन्छ । त्यस समयमा उखु उत्पादन

गरी त्यसको स्थानीय स्तरमा घरेलु उद्योगको स्थापना गरी चाकु बनाउने गरेको देखिन्छ । नेपालीहरूले मनाउने माघे सँक्रान्ति चाँडमा चाकु खाने परम्परा कायम रहेको छ । यसरी उखुबाट बनेको चाकु खादा जाडो याममा स्वास्थ्यको लागि राम्रो हुने जनविश्वास रहेको छ । राणकालमा जँग बहादुर राणा वेलायत भ्रमणमा जादा समेत टोखाको चाकु उपहारको रूपमा लिएर गएको प्रमाणहरू फेला परेका छन् । यो चाकु बनाउने परम्पराले निरन्तर पाइरहेको छ । उपत्यकामा भक्तपुरको जु जु धौ दही, खोकनाको तेल र टोखाको चाकु प्रसिद्ध छन् । हालसम्म टोखा क्षेत्रमा एक मात्र लिच्छविकालीन र धेरै संख्यामा मध्यकालिन अभिलेख पाइएको छ । यस अभिलेखकै आधारमा पनि टोखामा लिच्छविकालमा मानव बसोबास भएको तथ्य स्पष्ट हुन्छ । हाल विद्यमान बूढानीलकण्ठ, चपलीगाउँ, धर्मस्थली, धापासी, फुटुङ, साँखु, टुसाल जस्ता पुराना वस्तीमा लिच्छविकाल अभिलेखहरू प्राप्त भएकोले कारणले गर्दा उत्तरी क्षेत्रमा लिच्छविकालमा नै मानव बसोबास भएको देखिन्छ । यसपछि लगातार यस क्षेत्रमा मानव बसोबासको इतिहास निरन्तर चलिरहेको छ । टोखामा प्राप्त भएको लिच्छविकालीन अभिलेखमा किराँती शव्दको प्रयोग भएको देखिन्छ । त्यसले किराँतकालमा यस क्षेत्रमा मानव बसोबास रहेको प्रमाणित गरेको छ । माथिका प्रमाणबाट टोखा क्षेत्रको उच्च भागमा किराँतहरूको बसोबास रहेको निष्कर्षमा पुग्न सकिन्छ । किराँतीहरू थिए भन्ने तथ्यलाई कृर्षिको विकासका लागि तिलमकको निर्माणले थप पुष्टि गरेको छ । इतिहासकारहरूले किराँतीहरू कुलो बनाउन सिपालु भएको धारणाहरू विभिन्न साहित्यक ग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ । कतिपयले लिच्छविकालभन्दा अगाडि नै टोखामा सुरक्षा चौकी र कुलो विकास भएको अनुमान लगाएका छन् । कुलोको विकास भएपछि किराँतहरू कृषिका लागि तल्लो भेगतिर झरेको हुन सक्ने अनुमान गर्न सकिन्छ । यो लिच्छविकालमा प्रख्यात क्षेत्रका रूपमा विकसित भएको देखिन्छ । यसै स्थानबाट काठमाण्डौ सहरबाट टोखा - नुवाकोट हुँदै रसुवाबाट तिब्बत जाने मुख्य व्यापारिक मार्गको रूपमा प्राचीन कालमा रहेको देखिन्छ । वर्तमान अवस्थामा समेत बाटोले निरन्तरता पाइरहेको छ । विभिन्न अभिलेख र प्रमाणका आधारमा लिच्छविकालीन समयभन्दा अगाडि देखिनै त्यस क्षेत्रमा मानिसको बसोवासको बारेमा विविध जनश्रृतिहरू बताएतापनि अभिलेखीय प्रमाणहरूले लिच्छविकालदेखि टोखामा मानिसको बसोबास भई व्यवस्थित सहरको रूपमा विकास भएको निष्कर्षमा पुग्न सकिन्छ । वर्तमान अवस्थामा लिच्छविकालिन भौतिक तथा अभौतिक साँस्कृतिक सम्पदाहरूको निरन्तरताका कारणले टोखाको प्राचीन बस्तीको इतिहासलाई प्रष्ट गरेको छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, महेश (वि.सं. २०७७), कीर्तिपुर क्षेत्रका लिच्छविकालीन मानव बस्तीहरू, *Nepalese Culture. Vol. पृ. ५१-६६* : नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, केन्द्रीय विभाग ।

श्रेष्ठ, टेकबहादुर (१९९६), टोखा : एक ऐतिहासिक चर्चा,*कन्ट्रीब्यूसन अफ नेप्लिज स्टडिज भोलम २३.पृ.२८५-२ ९४ :* ने.ए.अ.क., त्रि.वि ।

किङ्गस्ले, डेभिस (१९५४), *ह्यूमन सोसाईटी,* दि माकमिलन कम्पनी ।

चौधरी, राधाकृष्ण (१९८९), *प्राचीन भारतका राजनीतिक एवं सांस्कृतिक इतिहास:,* भारतीय भवन पब्लिशर्स एण्ड डिष्ट्रब्यूर्ट ।

जोशी, हरिराम (वि.सं.२०३०),*नेपालका प्राचीन अभिलेख* :, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

ढकाल, वेणीमाधव (सं) (वि.सं.२०७५), *हिमवत्खण्ड*।

दाहाल, पेशल (वि.सं.२०७७),*नेपालको इतिहास र संस्कृति,* एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

वज्राचार्य, धनवज्रर मल्ल कमलप्रसाद (१९८५), *गोपालराज वंशावली,* नेपाल रिसर्च सेण्टर पब्लिकेशनस ।

धौबन्जार, गोपाल (वि.सं. २०६८), *काठमाडौँ उपत्यकाका वस्तीहरू,* श्रीमती कल्पना श्रेष्ठ ।

पाण्डेय, रामनिवास र रेग्मी दिनेशचन्द्र (वि.सं.२०६८), नेपालको प्रागऐतिहासि, शिव प्रसाद उपाध्याय ।

पौडेल, नयनाथ (सं) (वि.सं.२०२०), *भाषा वंशावली भाग १,* श्री ५ को सरकार पुरातत्त्व विभाग, नेपाल राष्ट्रिय पुस्तकालय ।

मानन्धर, जीतवहादुर (वि.सं.२०५०), *श्री गणेशायनम,* श्रीमति तारादेवी मानन्धर ।

प्रधान, भुवनलाल (वि.सं.२०७६), *नेपालको इतिहास र संस्कतिका केही पक्ष,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

वज्राचार्य, धनवज्र (वि.सं.२०३०), *लिच्छविकालका अभिलेख,* नेपाल र एसियाली अध्ययन केन्द्र ।

राजवंशी, शङ्करमान (वि.सं.२०७६), *यक्षमल्लको समयका निश्चित संवत र तिथिमितिहरू,* पूर्णिमाः संशोधन मण्डल (९).पृ.१२ ।

रेग्मी, दिनेशचन्द्र (वि.सं.२०६०), *पूरालेखन र अभिलेख,* हिमालय बुक स्टल

स्वामी, प्रपन्नाचार्य (वि.सं.२०६८),*चौसट्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान,* नरनारायण बाबा आश्रम सेवा संस्था ।